**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 155-170, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33642

# *प्रायश्चित्त* कथामा आत्महत्याको सामाजिकता

*विश्वराज खतिवडा*[*]

**उपप्राध्यापक, भक्तपुर बहुमुखी क्यम्पस, भक्तपुर, त्रिवि*

## लेखसार

प्रस्तुत लेख गुरुप्रसाद मैनालीको *प्रायश्चित्त* (१९९३) कथामा पाइने आत्महत्याको सामाजिकताको अध्ययनसँग सम्बद्ध छ । आत्महत्याको सामजिकता फ्रेञ्च समाजशास्त्री इमाइल दुर्खिमले प्रतिपादन गरेका हुन् । आत्महत्या सामाजिक कारणले हुन्छ भन्ने मान्यता प्रस्तुत गर्ने उनी पहिलो समाजशास्त्री हुन् । उनको अध्ययनपूर्व मानिसले आत्महत्या गर्नुपर्ने कारणमा उसको वंशानुगत प्रवृत्ति वा मानसिक असङ्गतिलाई लिइन्थ्यो । उनले पूर्ववर्ती उक्त धारणालाई खण्डन गर्दै मानिसले आत्महत्या गर्नुका नेपथ्यमा सामाजिक कारण रहेको तथ्य प्रस्तुत गरे ।उनका अनुसार मानिसलाई आत्महत्या गर्न प्रेरित गर्ने कुरा उसको वंशानुगत वा मानसिक स्थिति नभई धर्म, नैतिकता, मूल्यमान्यता आदिको सामाजिक परिस्थितिनै हो । *प्रायश्चित्त* कथाको समाज धर्म, नैतिकतामा आबद्ध छ । यस्तो समाजकी विधवा गौरीले धर्म, नैतिकताका विरुद्ध गोविन्दको गर्भ लिएपछि ऊ समाजबाट एक्लिन गई आत्महत्या गर्न बाध्य भएकी छ । यसकारण तत्कालीन सामजिक परिस्थितिकै कारण प्रस्तुत कथाकी मुख्य पात्र गौरीले पनि आत्महत्या गरेकी छ भन्ने यो लेखको सार हो । यसरी यस लेखमा व्यक्तिले आत्महत्या उसको वैयक्तिक कारणले नभई सामाजिक परिबन्दका कारणले गर्दछ भन्ने कुरा *प्रायश्चित्त* कथाले सिद्ध गरेको निष्कर्ष निकालिएको छ ।

**मूल शब्दावली :** सामाजिक वास्तविकता - परोपकारी आत्महत्या - मूल्यहीन आत्महत्या ।

## विषयपरिचय

वि.सं. १९९३ मा प्रकाशित *प्रायश्चित्त* कथा तत्कालीन नेपाली सामाजिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएको पाइन्छ । समाजका दुई युवा-युवतीको भावनात्मक प्रेम सम्बन्धबाट अगाडि बढेको यस कथाको अन्त्यमा आत्महत्याको घटना घट्नगई कथा कारुणिक बन्न पुगेको छ । यस कथाकी पात्र गौरीले गरेको आत्महत्या उसको वैयक्तिक कमजोरीका कारण भएको जस्तो लागे पनि आत्महत्याको मूल कारण तत्कालीन सामाजिक परिस्थिति नै रहेको कुरा कथा पढ्दा थाहा पाइन्छ । यसर्थ यस लेखमा

समाजशास्त्री इमाइल दुर्खिमको आत्महत्याको सिद्धान्तका आधारमा यस कथाको विश्लेषण गरी मैनालीले प्रस्तुत गरेको सामाजिक वास्तविकताको निरूपण गरिएको छ ।

इमाइल दुर्खिमको 'Lesuicide' ('आत्महत्या') नामक फ्रेञ्च कृतिमा आत्महत्याको समाजशास्त्रीय विधि प्रस्तुत गरिएको छ । दुर्खिमका अनुसार समाजका भौतिक र अभौतिक दुई पाटा हुन्छन् । हामीले देखेको मानव समाज, जनङ्ख्या, जात, वर्ग, घर, मन्दिर आदिको सामाजिक संरचना भौतिक सामाजिक वस्तु हुन् । भौतिक सामाजिक वस्तु बाहिरी रूपमा प्रत्यक्ष अस्तित्वमा रहेको हुन्छ । बाहिरी रूपमा प्रत्यक्ष अस्तित्वमा नरहेका तर भित्री रूपमा अस्तित्वमा रहेर समाजलाई भित्रभित्रै सञ्चालन गर्दै आएका धर्म, नैतिकता, आदर्श, सामाजिक मूल्य-मान्यता आदि अभौतिक सामाजिक वस्तु हुन् । यिनले समाजलाई अदृश्यबाटै नियमन र नियन्त्रण गरिरहेका हुन्छन् । दुर्खिमका विचारमा व्यक्तिले आत्महत्या गर्नुमा नेपथ्यमा रहने यिनै अभौतिक सामजिक वस्तुको हात रहेको हुन्छ । दुर्खिमको यसै समाजशास्त्रीय विश्लेषणका क्रममा लेखिएको महत्त्वपूर्ण कृति ' suicide'('आत्महत्या') हो । यस पुस्तकमा दुर्खिमले मान्छेले आत्महत्या वैयक्तिक कारणले नभई सामाजिक कारणले गर्छ भन्ने कुरा प्रष्ट पारेका छन् । यस लेखमा दुर्खिमको यसै दृष्टिकोणलाई कथा–विश्लेषणको ढाँचा बनाई यस कथाकी गौरीको आत्महत्याको कारण समाजमा अभौतिक वस्तुका रूपमा रहिआएका धार्मिक मान्यता, आदर्श/नैतिकता तथा सामाजिक मान्यता नै हुन् भन्ने ठहर गरिएको छ ।

## समस्या र उद्देश्य

*प्रायश्चित्त* कथामा तत्कालीन नेपालको सामाजिक परिवेशको तथ्यपरक चित्रण गरिएको छ । यसमा आत्महत्याको घटना घटेको छ । यस कथामा चित्रित नेपाली समाज र त्यहाँ घटेको आत्महत्याको कारणको खोजी गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । कथामा चित्रित नेपाली समाज कस्तो छ ? र त्यहाँ कथाकी मुख्य पात्र गौरीले के कारणले आत्महत्या गरेकी छ ? भन्ने जिज्ञासा नै यस अध्ययनका समस्या हुन् । यिनै समस्यामा केद्रित रहेर *प्रायश्चित्त* कथाको सामाजिक वास्तविकताको अध्ययन गर्नु र कथामा गौरीले गरेको आत्महत्याको कारणको खोजी गर्नु यसका उद्देश्य रहेका छन् ।

## सामग्री सङ्कलन र विश्लेषण विधि

प्रस्तुत लेख तयार गर्नका लागि सङ्कलित सामग्रीमा गुरुप्रसाद मैनालीद्वारा लिखित *प्रायश्चित्त* कथा प्राथमिक स्रोतबाट लिइएको छ भने मैनालीको कथाकारिता र '*प्रायश्चित्त*' कथाबारे लेखिएका लेख, समालेचना, अनुसन्धान अदि र दुर्खिमको सामाजिक वस्तविकताको सिद्धान्तका बारेमा जेजति कृतिहरूको यहाँ उपयोग गरिएको छ । ती द्वितीयक स्रोतबाट लिइएका सामग्री हुन् । उक्त सामग्रीहरूको सङ्कलन पुस्तकालयबाटै गरिएको छ । प्रस्तुत लेख *प्रायश्चित्त* कथामा घटेको आत्महत्याको घटनासँग सम्बद्ध छ ।दुर्खिमको सामाजिक वस्तविकताको सिद्धान्तकै एउटा पाटो आत्महत्याको सामाजिकतालाई

यस लेखको विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । यो साहित्येत्तर विषय भएकाले कृति विश्लेषणको यो आधाार अन्तर्विषयक पद्धति हो । यसमा *प्रायश्चित्त* कथामा रहेको समाजको भौतिक संरचनामा धर्म, नैतिकता, आदर्श जस्ता अभौतिक वस्तुले पार्ने प्रभावको खोजी सामाजिक वास्तविकताको सिद्धान्तका आधारमा गरिएको छ । यसरी स्थापित सिद्धान्तका आधारमा कृतिको विश्लेषण गरिएको प्रस्तुत लेखको अध्ययनविधि निगमनात्मक रहेको छ। अन्तर्विषयक सिद्धान्तलाई साहित्यमा जोडेर गरिएको या लेखको अध्ययनका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## आत्महत्याको सामाजिकता: सैद्धान्तिक स्वरूप

प्रकार्यवादी समाजशास्त्री David Emile Durkheim (डेभिड इमाइल दुर्खिमः ई.१८५८-१९१७) ले Les Regles de la Methode sociologique : 1895 AD (*The Rules Of Sociological Method)* नामक पुस्तकमा समाजशास्त्रको अध्ययन क्षेत्र व्यक्ति नभई समाज हो भन्ने जुन अवधारणाको प्रतिपादन गरेका छन्, त्यसैलाई नै प्रमाणित गर्नको लागि उनले *suicide: 1897* ('आत्महत्या') नामक पुस्तक प्रकाशित गरेका हुन्। दुर्खिमको यस पुस्तकको प्रकाशन अघि समाजमा आत्महत्यालाई वंशानुगत रोग अथवा मानसिक समस्याका रूपमा लिइन्थ्यो । यसमा दुर्खिमले आत्महत्याको कारक तत्त्वका रूपमा वंशपरम्परा, हावापानी, मानसिक समस्या, जातीय प्रवृत्ति वा अनुकरण जस्ता समाजइतर पक्षलाई नमानी सामाजिक विषयलाई नै मानेका छन् । उनका अनुसार आत्महत्याको मूल कारण सामाजिक स्थिति नै हो वंशानुगत वा मनोवैज्ञानिक स्थिति होइन (राव, इ.२००८: पृ.७०६) । उनले तत्कालीन सामाजिक संरचनाको अध्ययन गर्दा लडाइँमा हारेर आएको, अविवाहित र पारपाचुके गरेको व्यक्तिमा आत्महत्याको दर उच्च पाए । उनले समाजमा किन कोही व्यक्तिले आत्महत्या गर्छ भन्ने कारणको खोजीभन्दा पनि किन भिन्नाभिन्नै सामाजिक संरचनामा आत्महत्याको दर फरकफरक हुन्छ भन्ने कुरालाई विश्लेषण गरेका छन् (कोजर,इ.१९९६ :पृ.१३३) । उनले प्रोटेस्टेन्ट र क्याथोलिकहरूको सामाजिक अध्ययनबाट क्याथोलिकहरूका अपेक्षा प्रोटेस्टेन्टहरूमा आत्महत्याको दर बढी पाए । क्याथोलिकहरूको धार्मिक आदर्श आत्महत्या गर्दा नरक गइन्छ भन्ने रूढिवादी रहेको छ भने प्रोटेस्टेन्टहरूको धार्मिक अनुशासन त्यस्तो नभएका कारण तिनीहरूमा आत्महत्या बढी हुने गरेको तथ्य दुर्खिमले प्रस्तुत गरेका छन् । त्यस्तै उनले सानो गाउँ-समाजमा बस्ने तथा परिवारसँग मिलेर बस्ने मानिसहरूमा सामाजिक घुलमिल ठुलो सहर वा समाजमा बस्नेहरू अनि एक्लै बस्नेहरूमा भन्दा बढी हुने भएकाले गाउँ वा परिवारमा बस्नेहरूभन्दा सहरमा वा एक्लै बस्नेहरूमा आत्महत्याको दर उच्च रहेको पाए । यसबाट आत्महत्याको मूल कारण समाजभित्र खोजिनुपर्छ भन्ने उनको ठहर छ (दास, २०६१: पृ. १५७) ।

बाहिरी रूपमा झट्ट हेर्दा आत्महत्या वैयक्तिक विषय जस्तो लागे पनि सामाजिक पक्षको गहिराइमा पुगेर विश्लेषण गर्दा व्यक्तिलाई आत्महत्या गर्न बाध्य पार्ने प्रमुख कारक तत्त्व उसको सामाजिक सेरोफरो नै हो । समाजको सुसञ्चालनका लागि समाजबाटै

निर्माण भएका धर्म, नैतिकता, सामाजिक मूल्य-मान्यता, आदर्श आदि समाजमा अपारदर्शी किसिमले उपस्थित हुने अभौतिक सामाजिक वस्तु हुन् (गोर्डन, ई.२००४:पृ.१७५) । यिनकै अधिशासनमा समाज, समूह, व्यक्ति सञ्चालित हुन्छन् । व्यक्तिले गर्ने आत्महत्याको कारकका नेपथ्यमा उसको धार्मिक विश्वास, सामाजिक मूल्य-मान्यता आदिको अहम् भूमिका रहेको हुन्छ । धर्मप्रतिको आस्था, नैतिकता पालना गर्ने इच्छा, सामाजिक मान्यताको स्वीकरण, आदर्शप्रतिको झुकाव आदि मान्छेभित्र रहेका समाजिक वस्तु हुन् । मान्छेले पुस्तौं-पुस्तादेखि मानिआएको हुनाले यी मान्छेको मानसमा अपनत्वपूर्वक बसेका हुन्छन् । त्यसैले व्यक्तिले यिनलाई आफ्नै ठान्दछ । यी व्यक्तिको इच्छा वा चेतनाभन्दा स्वतन्त्र हुन्छन् र यिनले व्यक्तिलाई अधिशासित पनि गर्दछन् । यसैले आत्महत्याका लागि व्यक्तिलाई यिनै सामाजिक मान्यताले नै उक्साउँछन् (खतिवडा,२०६९: पृ.३०) ।

मानिसका अनन्त इच्छाआकाङ्क्षाहरू हुन्छन् तर ती सबै पुरा हुँदैनन् । समाजबाट सर्वस्वीकृत मान्यताको सीमारेखाभित्र रहेर मानिसले आफ्ना आकाङ्क्षा पुरा गर्नुपर्ने हुन्छ । यसका लागि व्यक्तिलाई समाजको इच्छाअनुसार चल्न बाध्य बनाइन्छ । त्यस्तो अवस्थामा व्यक्ति समाजबाट टाढिएर एक्लो हुँदै गयो वा समाजसँग अत्यधिक निकट रह्यो भने पनि उसले आत्महत्या गर्छ (दुवे, इ.१९६७ : पृ.१७०) । यसरी दुर्खिमले आत्महत्या मान्छेले समाजभन्दा पृथक् रहेर, मानसिक रूपमा असङ्गत भएर गर्दछ भन्ने परम्परागत धारणाको खण्डन मात्र गरेनन् उनले आत्महत्या जस्तो नितान्त वैयक्तिक विषय जस्तो देखिने कुरा पनि सामाजिक वस्तुका रूपमा आउन सक्ने वस्तुसङ्गत दृष्टिकोण प्रस्तुत गरे (दोषी,इ.२०१७: पृ.१०८) ।

दुर्खिमकाअनुसार प्रत्येक समाजिक समूहका व्यक्तिको आफ्नो समूहप्रति विशेष लगाव हुन्छ । त्यसैले व्यक्तिहरूले जे गर्छन् त्यसमा समूहकै विचारको हात हुन्छ । सामाजिक कारणले नै व्यक्तिमा विभिन्न भावहरू पैदा हुन्छन्, तसर्थ मान्छेले आत्महत्या गर्नु वा नगर्नुका पछाडिको मूल कारण सामूहिक दबाब नै हो । दुर्खिमले आत्महत्यालाई यसरी विभाजन गरेका छन् : (अ) अहम्वादी आत्महत्या (आ) परोपकारी आत्महत्या (इ) बेमेल वा मूल्यहीन आत्महत्या (मुकर्जी, इ.२०२०: पृ.१३७)

**अहम्वादी आत्महत्या** : व्यक्ति आफ्नो अहम्का कारणले समाजसँग अनुकूलन गर्न नसकेर गरिने आत्महत्यालाई दुर्खिमले अहम्वादी आत्महत्या भनेका छन् । उनले यसलाई व्यक्तिवादको चरम उपजका रूपमा लिएका छन् । व्यक्तिवादको चरम उपज भन्नुको तात्पर्य व्यक्ति समाजभन्दा टाढा हुन्छ भन्ने होइन । आफ्नो समूहबाट अलग्गिएर व्यक्तिवादी भए पनि ऊ कुनै न कुनै रूपमा समूहसँग आबद्ध हुन्छ । समूहबाट अलग्गिनुपर्दा व्यक्ति बिस्तारै आफूलाई एक्लिँदै गएको अनुभव गर्दछ र आत्मकेन्द्री हुँदै जान्छ । आफ्नो अहम्का कारण ऊ समाजमा मिल्न र सामाजिक मूल्य-मान्यतासँग अनुकूलन पनि गर्न सक्दैन । समाजबाट टाढिएर तिरस्कृत भई बाँच्नुभन्दा मर्नु निको सम्झेर ऊ आत्महत्या गर्न पुग्छ । यस्तो प्रकारको आत्महत्याको मूल कारण व्यक्ति सामाजिक एकताबाट अलग्गिनु हो । दुर्खिम

सामाजिक एकतालाई आत्महत्याको अवरोधकारी शक्तिका रूपमा लिन्छन् । समाजमा घुलमिल भएर बसेमा आत्महत्या हुँदैन भन्ने उनको विश्लेषण छ। सामाजिक एकता कायम गर्ने शक्तिहरू (परिवार, धार्मिक समूह आदि) जति कमजोर हुन पुग्छन् त्यति नै व्यक्तिवादी प्रवृत्ति हावी हुँदै गई आत्महत्याको मात्रा बढ्छ (रित्जर, इ.२०००: पृ. ८६) । व्यक्ति जब समाजबाट एक्लिएको अथवा अपहेलित भएको अनुभूति गर्दछ त्यतिवेला उसलाई सामाजिक जिम्मेवारी बोध गराउने सामाजिक शक्ति नभएका खण्डमा उसको अहम्‌मा ठेस लाग्दछ र आत्महत्यासम्म पनि गर्न पुग्दछ (फ्लिचर, इ. १९९४: पृ. ३७२) ।

**परोपकारी आत्महत्या :** अर्काको हितमा आफ्नो सुख देख्ने व्यक्ति स्वयम्‌ले आफूलाई नष्ट गर्दछ भनें मानिसको यस्तो प्रकारको मृत्युलाई दुर्खिमले परोपकारी आत्महत्या भनेका छन् (देवकोटा र ओझा, २०६६: पृ.८५) । अहम्‌वादी आत्महत्या गर्ने व्यक्ति सामाजिक एकताबाट टाढिन्छ भनें त्यसको ठिक विपरीत सामाजिक एकता ज्यादै भएमा परोपकारी आत्महत्या हुने गर्दछ (दुर्खिम, इ.१८९७/१९५१: पृ.२१७) । धर्मप्रतिको अगाध आस्था र प्रेमले गर्दा मानिस धर्मयुद्धमा मर्न गए जस्तै पतिको मृत्युपछि नारीले समाजको इच्छाअनुसार सती जान चाहनु वस्तुतः एक प्रकारको आत्महत्या हो (दोषी, इ.२०१७: पृ.१३०) । मानिसको यस्तो साहसिक बलिदानपूर्ण मृत्युलाई पनि दुर्खिमले एक प्रकारको आत्महत्याकै रूपमा लिएका छन् ।

**मूल्यहीन/बेमेल आत्महत्या :** मान्छे आफू बाँचेर पनि जीवनमा केही गर्न नसक्ने ठानी विरक्त भएर गरिने आत्महत्यालाई दुर्खिमले मूल्यहीन आत्महत्या भनेका छन्। समाजमा एकताको तह निम्न भएको खण्डमा अहम्‌वादी र उच्च भएका खण्डमा परोपकारी आत्महत्या भएझैं समाजको नियमनकारी शक्तिमा ह्रास आएमा मूल्यहीन वा बेमेल आत्महत्या हुने गर्दछ (दुर्खिम, इ.१८९७/१९५१: पृ. २५३) । यस्तो अत्महत्याको परिवेश मानिसमा आइपर्ने आर्थिक अभाव, विवाह अथवा प्रेमबाट धोका, परिवारबाट पीडा आदिबाट सिर्जना हुन्छ । यसरी पतिपत्नीका बिच सम्बन्ध विच्छेदका कारण आफ्नो भावनालाई नियन्त्रण गर्न सकेन भने व्यक्तिले अत्महत्या पनि गर्दछ । (मुकर्जी, इ.२०२०: पृ.१४४) । समाजको नियन्त्रणकारी शक्ति प्रबल र सन्तुलित भएका खण्डमा व्यक्ति आफूलाई असहाय ठान्दैन । जतिनै दुःख भए पनि समाजको सहारा पाएपछि उसले दुःख बिर्सँदै जान्छ र व्यक्ति आत्महत्या गर्नपटि लाग्दैन (देवकोटा र ओझा, २०६६: पृ.८५) । समाजको कठोर बन्धनबाट कहिल्यै मुक्त नहुने भविष्यप्रति निराशाका कारणले व्यक्ति आफूलाई भाग्यबाटै ठगिएको अनुभूति गर्दछ र ऊ आफ्नो भाग्यमा नै सुख नभएकाले बाँच्नुभन्दा मर्नु निको ठानेर आत्महत्यासम्म पनि गर्न पुग्दछ ।

यसरी दुर्खिमले आत्महत्या सामाजिक कारणले हुने तथ्य प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेको आत्महत्याको सामाजिकता सम्बन्धी धारणाका आधारमा मैनालीको *प्रायश्चित्त* कथाको विश्लेषण तल प्रस्तुत गरिएको छ :

## *प्रायश्चित्त* कथामा पाइने आत्महत्याको सामाजिकताको विश्लेषण

गुरुप्रसाद मैनालीका एघार कथामध्ये प्रकाशनका दृष्टिले हेर्दा *प्रायश्चित्त* कथा १९९३ (फागुन-चैत)मा शारदा पत्रिकामा प्रकाशित भएको हो (घिमिरे, २०५८: पृ.८०) । तत्कालीन नेपाली सामाजिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएको यस कथामा मैनालीले बालविवाहबाट नारी जातिप्रति भएको घोर अत्याचार प्रस्तुत गरेका छन् (सेवा, २ ०३२: पृ.५१) । मैनालीका कथामा उल्लिखित विषय, घटना, सामाजिक तथा राजनैतिक परिवेशलाई हेर्दा उनका कथा गाउँले समाजको वास्ताविकताको नजिक पुगेर लेखिएका छन् । उनका कथाका पात्रहरू जीवनभन्दा बाहिर गएर कल्पनाको संसारबाट लिए जस्ता छैनन् (कँडेल,२०३०: पृ.१८) । समालोचकहरूका उपर्युक्त भनाइबाट मैनालीको यो कथामा तत्कालीन नेपाली समाजको तथ्यपरक चित्रण पाइने कुरा प्रस्ट हुन्छ । यसर्थ यो कथामा घटेको आत्महत्याको घटना सामाजिक छ भन्ने कुराको अध्ययन गर्नका लागि यहाँ दुर्खिमको समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाइएको छ । दुर्खिमका अनुसार समाजको निर्माण भौतिक सामाजिक संरचनाबाट भए पनि यसको सञ्चालनमा अभौतिक सामाजिक वस्तुको अहम् भूमिका रहन्छ। *प्रायश्चित्त* कथामा भौतिक र अभौतिक सामाजिक संरचना निम्नानुसार रहेको छ :

*प्रायश्चित्त* कथामा भौतिक सामाजिक संरचनाअन्तर्गत गोविन्द र गौरीभन्दा बाहिरको समाजको एउटा त्यो ठूलो घेरा पर्दछ जसअन्तर्गत गोविन्दका आफन्त, उनका साथीहरू, नोकर्नी चमेली, चउर, पाटी–चौतारामा बस्ने मानिस, चन्द्रकान्त भण्डारीका छोरा आदि अनि गौरीका दाजुभाउजू, फूलजस्ता छोराछोरी बोकेर सडकमा हिड्ने दम्पती, युगल जोडी, गाइने, टोलका आइमाईहरू, कलधारामा पानी लिन गएका स्वास्नी मानिसहरू, नोकर, पहाडतिरका मानिस, गोविन्दको वल्लो–पल्लो घरका मानिसहरू, कोठामा डेरा गरेर बस्ने सिपाहीहरू, गौरीको भाउजूकी कान्छी बहिनी, पशुपति नुहाउन जाने मानिसहरू, पुलिस, लाश हेर्न जम्मा भएका मानिसहरूको भिड, बाटो हिँड्ने ढाक्रे आदि पर्दछन् । यही सामाजिक घेराकै एउटा अङ्ग गोविन्द र गौरी पनि हुन् ।

अभौतिक सामाजिक वास्तविकताअन्तर्गत  गोविन्द र गौरीको समाजको एक अर्को त्यो पाटो पर्दछ जसलाई नेपथ्यको समाज भनिन्छ ।  समाजलाई भित्रभित्रै सञ्चालन गर्ने धर्म, नैतिकता, आदर्श, सामाजिक मूल्य–मान्यता आदि यसअन्तर्गत पर्दछन् । यी अत्यधिक बलशाली सामाजिक शक्ति हुन् । यिनले नेपथ्यबाटै *प्रायश्चित्त* कथाको समाजका प्रत्येक अङ्गलाई आफूअनुकूल चलाइरहेकै कारण गौरीको आत्महत्या हुनपुगेको छ । तल गौरीको आत्महत्याको वास्तविक कारण प्रस्तुत गरी त्यसको निष्कर्ष समेत प्रस्तुत गरिएको छ :

**गौरीको आत्महत्याका कारण :** *प्रायश्चित्त* कथाकी नारी पात्र गौरीले धार्मिक मान्यता, सामाजिक आदर्श/नैतिकता र सामाजिक मान्यताका कारण आत्महत्या गर्नुपरेको छ। यसरी

*प्रायश्चित्त* कथामा तत्कालीन सामाजिक मर्यादाका प्रतिकूल प्रेम प्राणघातक रूपमा देखा पर्छ (कँडेल, २०३०: पृ.२२) । यसको पुष्टि तलका उपशीर्षकहरूमा गरिएको छ :

**धार्मिक मान्यता :** *प्रायश्चित्त* कथामा गौरीको आत्महत्याको एउटा कारण धार्मिक मान्यता पनि हो ।यस कथामा हिन्दू धर्ममा आधारित समाज छ । यस कथाका पात्रहरू हिन्दू धर्मको मूल्यमान्यताअनुसार चलेका छन् । "प्रायश्चित्तकी गौरीको बालविवाह भएको थियो, लोग्ने ऊ केटाकेटी हुँदै परमधाम गइदियो, ऊ मस्त तरुनी भई ... । धर्म र परम्पराले उसलाई पुनर्विवाह गर्न दिएनन् । ऊ अलपत्र परी, लुकी चोरी व्यभिचार गर्दा ऊ धरापमा परी र आत्महत्या गरेर मरी (सत्याल, २०४५: पृ.२१५) ।" सानै उमेरमा विवाह हुनु, पति मरेमा पत्नीले पुनर्विवाह नगरी आजीवन विधवा बस्नु जस्ता धार्मिक मान्यताका कारण गौरीको जैविक चाहना बाधित भएको छ । उक्त मान्यताको जब गौरी उल्लघन गर्न तम्सन्छे तब ऊ समाजको घेरामा पर्दछे । धार्मिक मान्यतालाई गौरीको जैविक चाहनासँग कुनै मतलब छैन । गौरी आफैँले अङ्गीकार गरेका धार्मिक मान्यता नै अनेक रूढिका रूपमा आएर उसलाई आत्महत्या गर्नका लागि बाध्य बनाउछन् । यसको पुष्टि उक्त कथाभित्रकै निम्न अभिव्यक्तिका आधारमा गर्न सकिन्छ :

> विधवा गौरीका शरीरमा यौवनका चिन्हहरू भरिँदै आए ।...यौवनका साथसाथै वेशभूषा शृङ्गार- विन्यासको सोख पनि बढ्दै गयो । तर के गर्नु ! विधवा थी उसको सौभाग्य विधाताले अघि नै पुछिदिइसकेका थिए ( पृ.१४) ।

प्रस्तुत कथाको पहिलो वाक्यमा नै मैनालीले गौरीको सामाजिक परिस्थिति (विधवा) र जैविक आवश्यकता (यौवनका चिन्हहरू भरिँदै आए) का बीचको अन्तरलाई उद्घाटन गरेका छन् । 'तर के गर्नु विधवा थी उसको सौभाग्य विधाताले अघि नै पुछिदिईसकेका थिए' भनेर विधवा गौरीको जैविक आवश्यकता खातिरलाग्दो भए पनि विधाताका अगाडि ऊ निरीह भएको तथ्य मैनालीले प्रस्तुत गरेका छन् । यहाँ 'विधाता' भन्नाले सामाजिक मान्यताको धार्मिक स्वरूप हो । यहाँ गौरीको जैविक आवश्यकता एकातिर छ भने अर्कातिर वैधव्यसम्बन्धी धार्मिक-सांस्कृतिक मान्यता छ । गौरीको मनसाय विवाह गर्ने छ तर धर्मको आदेश जीवनभर विवाह गर्न हुँदैन भन्ने हो । गौरी आफ्नो चाह र धर्मको आदेशका बिचको द्वन्द्वमा परेकी छ । यहाँ "कथाकार मैनालीले विधवा नारीलाई समाजको आँखाको छारो नै बनाएर आँसुमा डुबेको देखाएका छन् (प्रधान, प्रताप. २०४०: पृ.४७) । विधवाको पुनर्विवाहलाई धर्मले वर्जित गरेकै हुनाले उसको आत्महत्याको विवशताका अन्तरमा नेपथ्यमा लुकेर रहेको अभौतिक सामाजिक अधिनायकत्वको हात रहेको तथ्य उक्त अभिव्यक्तिबाट स्पष्ट भएको छ।

विधवा भएपछि पुनर्विवाह गर्ने मान्यता नभएको तत्कालीन समाजकी बालविधवा गौरीको जीवनेच्छा सामाजिक इच्छाभन्दा पृथक् छ । गौरी आफ्ना इच्छा पुरा गर्न चाहन्छे तर उसलाई सामाजिक शक्तिले रोक्छ । ऊ सामाजिक शक्तिको निगरानीमा परेकी छ ।

“कमसेकम लोकलाजको निवारणका निमित्त पनि संसारमा उसले बहुतै सतर्क भएर हिँड्नुपरेको थियो (मैनाली, पृ. १४) । “यहाँ आएको लोकलाज धर्मको आडमा बसेको सामाजिक नैतिकता हो। गौरीको इच्छा, चेतनाभन्दा स्वतन्त्र रहेको त्यही सामाजिक नैतिकता बाध्यकारी शक्तिको रूपमा आएर विधवा गौरीलाई अधिशासित गरेको छ। गौरी धर्मको आडमा स्थापित परम्परागत रूढि, अन्धविश्वास जस्ता सामाजिक नियममा आबद्ध छ । उसको इच्छा वा चेतनाभन्दा पृथक् सामाजिक शक्तिको रूपमा आएर हिन्दू धर्म-संस्कृतिद्वारा निर्धारित मूल्य-मान्यताले गौरीलाई सामाजिक नियम पालना गराउन नैतिक दबाब दिइरहेका कारण उसले आफूलाई त्यसै समाजमा एक्लो उभ्याउन सकिन। हुनत विधवाले पुनर्विवाह गर्नु हुँदैन भन्ने धार्मिक मान्यताले भौतिक रूपमै अगाडि आएर गौरीलाई प्रेमविवाह गर्न रोकेको छैन तर छद्म रूपले गौरीलाई त्यसो गर्न नहुने अड्चन थापेकै कारण ऊ आत्महत्याको बाटो रोज्न बाध्य भएकी छ। यस कुराको पुष्टि *प्रायश्चित्त* कथाको तलको उद्गारबाट गर्न सकिन्छ :

> अस्ति गोविन्दकी बहिनीको बिहा थियो । गौरी पनि निम्तामा गएकी थी । एकान्तमा गौरीले गोविन्दसँग - “सानुबाबु संसार कस्तो छ ?” भनेर सोधी ।
>
> गोविन्दलेभने-“जतातत‍ै रमाइलो छ ।”....
>
> गौरीले लामो सास फेरेर भनी- “हजुर ढाँट्नु हुन्छ। मत जतातत‍ै कालो अन्धकार, कहालीलाग्दो छाँगा,तीखा-तीखा काँडाका घारी,.... कतै मृत्यु वेदनाको चित्कार, रोदन सिवाय केही देख्दिनँ ।”....
>
> गौरीले फेरी गहभरि आँसु पारेर आकाशतिर हेरेर भनी -“भो बा भो ! म कल्पना गरेर सुख किन्दिनँ, जसलाई सुखको रहर छ, जसले यो जगत्मा सुखी हुने मौका पाएको छैन, उही कल्पनामा सुख साटोस्, मलाई चाहिँदैन, सुखको एउटा रेणु पनि चाहिँदैन ( पृ.१५) ।”

‘प्रायश्चित्त’ कथाको उक्त उद्गारबाट के स्पष्ट हुन्छ भने गौरीलाई हिन्दू धर्म-संस्कृतिअनुसारको सामाजिक मान्यताले जीवनभर वैधव्यको पिंजरामा बन्द गरिसकेको थियो। त्यसबाट उम्कन उसले प्रयास त गरी तर धर्मरूपधारी कठोर पिंजराका घेरामा ऊ निरीह बनी। धार्मिक मान्यताको बन्दी बनेकी गौरी जतातत‍ै कालो अन्धकार, कहाली लाग्दो छाँगा, तीखा-तीखा काँडाका घारी, कतै मृत्यु वेदनाको चीत्कार, रोदन सिवाय केही देख्दिन । “बिहे गर्ने पोइल जाने सामाजिक परम्परा भए तापनि युवती विधवाले पुनर्विवाह गर्नु निषिद्ध थियो (बराल, २०३३: पृ.१३१) । गौरी जीवनप्रति निराश छ । उसले चाहेको भौतिक संसार रङ्गीचङ्गी छ तर ऊ अभागी छ। त्यो रङ्गीचङ्गी संसार पाउन खोज्नुभनेको कल्पना गरेर सुख किन्न खोज्नु हो भन्ने उसले ठानेकी छ । त्यसैले ऊ निराश भएर ‘सुखको एउटा रेणु पनि चाहिँदैन’ भन्नेसम्मको स्थितिमा पुगेकी छ । यसरी वैधव्यको महाजालमा परेकी गौरी यसबाट उम्कन आत्महत्याको मार्ग रोज्न बाध्य हुन्छे। गौरीले आत्महत्या धार्मिक कारणले नै गरेको हो भन्ने अर्को उदाहरण निम्न छ :

गौरीकी आमा पति मरेपछि सती गएकी थिइन् । उनै आमाकी छोरी गौरीले सती त जानुपरेको छैन तर हिन्दू धर्म संस्कृति मान्ने तत्कालीन समाजमा उसले पुनः बिहे नगरी मृत पतिकै सतित्वमा विधवा जीवन जिउनुपर्ने बाध्यता छ । यसरी मृत पतिको सतित्वमा रहे पुनर्जन्ममा उक्त पतिसँग पुनर्मिलन हुने धार्मिक विश्वासकै कारण हिन्दू विधवा नारीहरू पुनर्विवाह नगरी बस्छन् । विधवाले पुनर्विवाह गर्न नहुने र गरेका खण्डमा मृत पतिप्रतिको धर्म नष्ट हुने सामाजिक–मान्यतामा कथाको समाज अडेको छ । आफ्नो वैयक्तिक चाहलाई महत्त्व दिँदै गोविन्दसँग प्रेम गर्न पुगेकी गौरी अन्त्यमा विधवाले विवाह गर्न हुँदैन, गरेमा मृत पतिको सतित्वबाट च्युत होइने सामाजिक विश्वासबाट अधिशासित हुन पुगेकी छ । आमाको आदेशका रूपमा आएको निम्न अभिव्यक्ति : "उनले (गौरीकी आमाले) लाल-लाल आँखा गरेर भनिन्- "पापिनी ! म सतीका कुलमा कालो टिका लगाइदिइस् किन बाँचिरहिछस् ? झुण्डिएर मर् ! डुबेर मर् ! संसारमा आफ्नो कालो मुख नदेखा (पृ.१८) !" यो धर्मको आदेश हो । यस आदेशले पनि गौरीलाई आत्महत्या गर्न बाध्य बनाएको छ । यद्यपि यो आदेश मानवोचित छैन तर यसलाई पालना गर्न गौरी बाध्य छ । "कथाकारले विधवाको स्थिति र त्यसमा आउनुपर्ने सुधारको सङ्केत दिन *'प्रायश्चित्त'* कथा सिर्जेका छन् (भट्टराई, २०४०: पृ.२०९)।" भनेर घटराज भट्टराईले अभौतिक रूपमा रहेको धार्मिक मान्यता कै कारण गौरीको दुःखान्त भएको तर्फ औंल्याएका छन् । गौरीको आत्महत्या धार्मिक कारणले नै भएको हो भन्ने पुष्टि गर्ने अर्को आधारका रूपमा तलको उद्गारलाई पनि लिन सकिन्छ :

> "नाथ ! पुनर्जन्ममा हजुरलाई पाउने धर्मको महान् आज्ञामा विश्वास गर्न सकिनँ बालकपनको अल्लारे बुद्धिमा लागेर फूलझडी खेल्नखोजेथें प्रभु ! सर्वस्व डढेको थाहा पाइनँ । पथभ्रष्ट भएँ, पतित भएँ, अब प्रायश्चित गर्छु नाथ, प्रायश्चित्त (पृ. १८) !"

उक्त कथनबाट स्पष्ट हुन्छ : गौरी विधवा विवाहविरोधी समाजको कडा पहराबाट फुत्कने प्रयास गर्छे तर सबै बाटो बन्द भएपछि निराश भएर आफ्नो भाग्यलाई दोष दिँदै आफ्नो पतिको मृत आत्मासँग माफी माग्न पुगेकी छ । गौरीले सचेतनतापूर्वक गोविन्दसँग गरेको प्रेम हजारौं वर्षदेखि समाजले मानिआएको मान्यताका अगाडि सानो बालकले खेल्ने फूलझडी खेल जस्तो भएको छ । समाज-संस्कृतिको महाप्रवाहमा गौरीले आफ्नो प्रेम चाहनालाई फूलझडी खेलको रूपमा लिनु भनेको गौरी आफैंसँग हार्नु हो । सामाजिक शक्तिका अगाडि गौरीले आफूलाई कठपुतली जस्तै भएको अनुभूति गरेकी छ । "व्यक्ति मनोविज्ञानसँग मैनालीको उति चासो छैन । सामाजिक आवरण वा social behaviour भने साह्रै राम्ररी मैनालीका कथामा प्रतिबिम्बित छ । ....पात्र सामाजिक यथार्थको रूपमा कथाको मञ्चमा आउँछ तर अन्त्यतिर पात्रहरु नियोजित निष्कर्षका कठपुतलीझैं व्यवहार गर्छन् । मैनालीको कुशलता देखिन्छ त्यो आदर्श नियोजनलाई पनि धेरैजसो स्वाभाविक देखाउन सक्नुमा (त्रिपाठी,२०२८: पृ.४८) ।" यस कथाका पात्र गोविन्द र गौरीलाई कठपुतलीझैं नचाउने काम धर्मरूपी अभौतिक सामाजिक वस्तुले गरेका छ । मैनालीले सामाजिक परिबन्दमा परेका पात्रलाई जस्ताको त्यस्तै कथामा उतारेका मात्र हुन् । गौरीले सामाजिक

मूल्य-मान्यता सामाजिक सञ्चेतना र सामाजिक उत्तरदायित्वलाई आफ्नै स्वीकरणको सामाजिक शक्तिका रूपमा लिएकी छ । त्यसको माखेसाङ्लोबाट उम्कन सक्ने आँट गौरीसँग छैन । गोविन्दप्रतिको चाह उसको वैयक्तिक इच्छा मात्र थियो । सामाजिक इच्छाका अगाडि उसको वैयक्तिक इच्छा टिक्न सकेन र उसले फेरी आफैंभित्र संस्कारका रूपमा रहेको सामाजिक मान्यतासँग झुक्नै पर्ने भयो, ऊ झुकी । तसर्थ ऊ आफ्नो मृत पतिको तस्बिर सामुन्ने उभिएर पथभ्रस्ट भएँ, अब प्रायश्चित्त गर्छु नाथ प्रायश्चित्त' भन्दै जीवनबाट हरेस खाएर आत्महत्या गर्न पुगेकी छ । आफ्नो भाग्य नै डढेको भएर यसबाट कहिल्यै उम्कन नसकिने ठानेर गौरीले गरेको आत्महत्या समाजको कठोर बन्धनबाट कहिल्यै मुक्त नहुने ठानी भविष्यप्रति निराशाका कारणले व्यक्तिले आफूलाई भाग्यबाटै ठगिएको अनुभूति गरेपछि जीवनबाट विरक्त भएर गर्ने आत्महत्या दुर्खिमले भनेझैं मूल्यहीन आत्महत्या हो (मुकर्जी, इ.२०२०: पृ.१४४) ।  समाज धर्मका नीति, नियम कानुनले मानिसलाई अत्यधिक दमन वा नियन्त्रण गर्‍यो  भने यस्तो  प्रकारको आत्महत्या हुन्छ भन्ने दुर्खिमको मान्यता छ । यसरी धर्मका नीति, नियम कानुनले अत्यधिक दमन गरेका कारण गौरी आत्महत्या गर्न बाध्य भएकी छ ।

**समाजका आदर्श/नैतिकता :** गौरीको आत्महत्याको अर्को कारण समाजका आदर्श/नैतिकता हुन् । "मैनालीले कथामा अदर्शवादको अनिवार्यतालाई स्वीकारेका छन् (श्रेष्ठ, २०३८: पृ.१७९) ।" गौरीको समाज पुरुषप्रधान हो । गौरीले धारण गरेको गर्भ गोविन्दकै हो भन्ने थाहा हुँदाहुँदै पनि पुरुषप्रधान समाजको गोविन्द विधवागमनको कलङ्कबाट उम्कन सक्छ तर गौरी परपुरुषगमनको कलङ्कबाट उम्कन सक्तिन किनभने गौरीको सामाजिक आदर्श विधवाले विवाह गर्नु हुँदैन भन्ने हो । "मैनालीका कथामा एउटा कुरा के छ भने प्रेमको आरम्भ पुरुष पात्रबाट हुन्छ तर त्यसको दुष्परिणाम भने स्त्री पात्रले भोग्नुपर्छ (कँडेल,पृ.२२) ।" यसै पुरुषप्रधान समाजको माखेसाङ्लोमा परेर गौरी आत्महत्या गर्ने स्थितिमा पुगेकी छ । यसको पुष्टि *प्रायश्चित्त* कथाको तलको अंशले गर्दछ :

> गौरीको स्वर सुनेर झ्यालबाट गोविन्दकी आमाले भनिन्- "को ? गौरी बेस्ये होकि ? यो निर्छली राँड एकातारै हाम्रा घरमा किन आइरहन्छे हँ ...अलच्छिनीले बिहा भएका महिनै दिनमा पोइ टोकी, अब कसलाई टोक्न आँटेकी हो !" ... गोविन्दकी आमा घरबाट कराएको सुनेर वल्लो–पल्लो घरका मानिसहरू,
> कोठामा डेरा गर्ने सिपाहीहरू सबजना झ्याल-झ्यालबाट रमिता हेर्न लागे (पृ. १७ -१८) ।

तत्कालीन समाजमा यदि कुनै नारीको पति मर्‍यो भने नारीलाई अलच्छिनी भनेर हेलाँ गरिन्थ्यो । विधवा नारीले पुनर्विवाह गरे भने अर्को पति पनि मर्छ भन्ने जनविश्वास थियो । गौरी त्यस्तै नारीको सामाजिक प्रतिनिधि थिई । रूप-शीलमा जति नै असल भए पनि पतिविनाको संसारमा गौरीलाई टिक्न गाह्रो भयो । उसले गोविन्दको सहारा खोजेकी थिई । अभौतिक रूपमा रहेका सामाजिक अन्धविश्वासले उसलाई फेरी लखेट्यो । गोविन्दकी

आमाभित्र रहेको त्यही सामाजिक शक्तिले आफ्नो छोराको सुरक्षणका निमित्त गौरीलाई गोविन्दका जीवनबाट टाढा राख्नुपर्ने हुनाले उनी भौतिक रूपमै गौरीको विरुद्धमा जुटिन् ।

गोविन्दकी आमाले यसरी झ्यालबाटै कराएर तथानाम भनेपछि सर्वत्र हल्ला भयो । केही अघिसम्म भित्रभित्रै सल्किएको गौरीको चारित्रिक कमजोरीको सामाजिक तरङ्ग अब बाहिरसम्म आइपुगेपछि गौरी हतास भएर जब आफ्नो घर आउँछे त्यतिबेला भाउजूले "यस्ती उत्ताउली त कहीं देखिएन आफ्नो पुर्पुरो डढेपछि चारजनाको भनाइ जोगाएर हिंड्नुपर्छ (पृ.१८)" भनेर अनि दाजुले 'धेरै ताप भो' भनेको सुनेपछि गौरीले सबैतिरबाट एक्लिएको अनुभव गरेकी छ । यसरी दाजुभाउजूले पनि नैतिकताको कठोर डण्डा चलाएपछि गौरी रगतको नाताभन्दा पनि नैतिकता ठुलो रहेको ठान्न बाध्य भएकी छ । नारीले लोकलाजको हेक्का राखी चारजनाको भनाइ जोगाएर हिँड्नुपर्ने सामाजिक आदर्शले गौरीलाई नैतिक दबाब दिइरहेका कारण नै आफन्त नातागोताबाट समेत तिरस्कृत हुनुपरेपछि गौरी आत्महत्या गर्न बाध्य भएकी छ ।

**सामाजिक मान्यताको कठोरता र एक्लोपन :** गौरीको आत्महत्याको अर्को कारण सामाजिक मान्यताको कठोरता र एक्लोपन हो । प्रस्तुत कथामा परम्परागत समाज छ । जातपात, उचनिच जस्ता मान्यतालाई यसमा चित्रित समाजका मानिसहरूले निष्ठापूर्वक पालना गरेका छन् । गौरीको परिवारका लागि इज्जत-प्रतिष्ठाको ठुलो महत्त्व छ । परपुरुषको मुख पनि हेर्न नहुने विधवाले गर्भधारण गर्नु धार्मिक तथा सामाजिक दृष्टिले अपराध हो । त्यसमाथि पनि समाजका सामुन्ने उभिएर आफ्नै गर्भको ठेगान लगाउन नसक्ने गौरी समाजका दृष्टिमा अपराधी भएकी छ । प्रेम विवाह गर्छु भनेर गौरीलाई गर्भाधान गर्ने गोविन्दले पनि समाजबाट डराएर गौरीलाई अङ्गीकार गर्न सकेको छैन । एकातिर सामाजिक बेइज्जती अर्कातिर भावुक प्रेममाथि कुठाराघात जस्ता समाजको माखेसाङ्लोमा परेर आफ्नै भाग्यलाई दोष दिँदै गौरी आत्महत्या गर्न बाध्य भएकी छ । यसको पुष्टि *प्रायश्चित्त* कथाको तलका अंशले गर्दछन् :

> केही दिनका बाद गौरीको शरीर भारी जस्तो देखियो । आनन्दका बदलामा दुवैका मुखमा तीव्र विषादको छाया देखिन लाग्यो । .... किन हो कुन्नि सधैँ आइरहने गोविन्द अहिले कहिलेकाहिँ मात्र देखापर्न लागे (पृ.१६)....।
>
> प्यारे !
>
> दर्शन नपाएको महिना दिन भइसक्यो । परमेश्वरका दिव्य चक्षुलाई ढाक्न खोजेथैं केही लागेन । नाथ ! डुबैं, निस्सासिन लागें ! तान्नुहोस् प्रभु ! यस अभागिनीको हात समातेर तान्नुहोस् !
>
> अभागिनी
>
> गौरी (पृ.१६)।

विधवा गौरीमा यौवनका चिन्हहरू भरिँदै आए । उसमा पनि अज्ञात चाह बढ्दै गयो । छिमेकी गोविन्द त्यस चाहका केन्द्र बने । गोविन्द र गौरीका बिच भावुक प्रेम पैदा भयो । त्यो प्रेम भौतिक शारीरिक संसर्गका रूपमा रूपान्तरण भयो । गौरीको जिउ भरिएर आयो । यी दुईको मिलन समाज-इच्छा विपरित थियो । गौरी र गोविन्द नारी-पुरुष स्वतन्त्रताका पक्षपाती थिए तर तत्कालीन समाज धार्मिक, सांस्कृतिक मान्यतामा अडेको थियो । गौरी र गोविन्द पनि त्यही समाजकै अङ्ग थिए । उनीहरू अभौतिक सामाजिक शक्तिको अधिनायकत्वको कैदीबन्दी बन्न पुगे फलत : “मैले के नगर्ने काम गरेको छु र डर ?...केवल प्रणयको यज्ञको धुवाँ लाग्दैमा नारीको जीवन अशुद्ध हुन्छ भन्ने आज्ञा कुन धर्मले दियो ? गौरी मेरी धर्मपत्नी हुन्, उनको गर्भको बालक मेरो औरस सन्तान हो” भन्ने “गोविन्द नयाँ पिढीका युवक हुन् । उनी नारी जातिप्रति सुधारवादी भावना राख्छन् तर उनी विशाल समाजका अगाडि परास्त हुन पुग्छन् । गौरी गर्भववती भएको थाहा पाउँदापाउँदै पनि उनी बिहा गर्न सक्तैनन् । उनी रूढिवादी मान्यतालाई भत्काउने विचार गरे पनि साहस गर्न सक्तैनन् । उनी आफूलाई यो विशाल समाजका सामुन्ने गौण, एक्लो अनुभव गर्दछन् (जैन,२०५६: पृ.३९) ।” गोविन्द समाजको शक्तिदेखि मनमनै यसरी डराएको छ :

“संसार बहुमतको आडमा खडा छ । म एक्लो मानिसले गरेको प्रलाप कसले सुन्छ र ? हाम्रो कर्म समाजका साम्ने जघन्य रूपमा प्रकाश हुन्छ । जात-भातको प्रश्न उपस्थित हुन्छ । अदालतका साम्ने खडा गरिन्छौं । मानिस चउर पाटी-चौतारमा बसेर हाम्रो कर्मको समालोचना गर्न थाल्छन् । टोलका मानिसहरूलाई दुई-चार महिनालाई काम पुग्छ । चन्द्रकान्त भण्डारीका छोरा बेखाका पसलमा बसेर थपडी मार्न थाल्छन् । बाटो हिँड्ने बटोही औँल्याउन लाग्छन् । बाफ-ज्यादाको मर्यादा डुब्छ । आमा रुन थाल्नुहुन्छ । दाइहरू लाजले पानी हुन्छन्, अनि यो मेरो प्रलाप हाँसोमा उड्छ (पृ. १७) ।” भन्ने गोविन्द र “म एक्लीको पाप होइन आजै सानो बाबुसँग गएर कर्तव्यको टुङ्गो लगाउँछु” भन्ने गौरी दाजुभाउजूको तिरस्कार, टोलका आइमाईहरूको कानेखुसी तथा गोविन्दकी आमाको गाली–बेइज्जतीबाट भयभीत भएपछि दुवै एकले अर्कालाई भेट्नसम्म नसक्ने स्थितिमा पुगे । उनीहरू सामाजिक सञ्चेतनाको माखेसाङ्लोबाट उम्कन नसक्ने भए । “यस कथाकी गौरी अगाडि बढ्न पाइला चाल्छे । गोविन्द नारी सुधारका सपना देख्छ तर समाजसँग जुध्ने कसैको साहस हुँदैन (न्यौपाने,२०२८: पृ.६८-६९) ।” त्यसैले प्राय: सधैं आइरहने गोविन्द कहिलेकाहीँ मात्र देखापर्न थालेका हुनाले गौरी उक्त चिठी लेख्न बाध्य भएकी छ । गौरीले लेखेको उक्त चिठीमा आएको ‘परमेश्वरका दिव्य चक्षुलाई ढाक्न खोजेथेँ केही लागेन’ भन्ने वाक्यको अभिप्राय पनि समाजको नजर ढाक्न सकिएन भन्ने हो । यहाँ परमेश्वर समाजका रूपमा आएको छ । गौरी समाजको दलदलमा डुब्न लागेकी छ । उसलाई त्यस दलदलबाट निकाल्न सक्ने एकमात्र व्यक्ति गोविन्द पनि समाजकै भयका कारण टाढिएको छ । यसरी गौरीका सबै सामाजिक सङ्गति ध्वस्त भएपछि ऊ एक्लिँदै गई आत्महत्या गर्न बाध्य भएकी छ ।

यसरी समाजको नियन्त्रणकारी शक्तिको कठोर पहरा गोविन्द र गौरीका सामु उपस्थित भएर उनीहरूलाई नेपथ्यबाटै खबरदारी गरिरहेका छन् । गोविन्दले मनमनै विचार गरेको “संसार बहुमतको आडमा खडा छ ।...” भन्ने अभिव्यक्ति समाजको नियमनकारी शक्तिको फन्दाबाट मुक्त हुनै नसकिने स्वीकारोक्तिका रूपमा आएको छ । यहाँ गोविन्दले आफूबाहिरको समाजलाई आफूभित्र पनि रहेको अनुभूति गरेको छ । आफूभित्र रहेको समाजको नियन्त्रणकारी शक्तिबाट कहिल्यै मुक्त हुन नसकिने कुरामा गोविन्दको यस्तो अनुभूति छ : “यदि विधवा भन्ने प्रश्न नहुँदो हो त आज गौरीलाई पाएर गोविन्दको जीवन सुखमय हुन्थ्यो(पृ.१७) । “यसरी कथाकारले गोविन्दभित्र पनि विधवाविवाह गर्न हुँदैन भन्ने सामाजिक धारणा रहेको तथ्य प्रस्तुत गरेका छन् । यहाँ विधवाविवाहलाई वर्जित गर्ने सामाजिक नियमले गोविन्दको जीवन उत्साहमा बाधा पैदा गरेकै कारण उसले गौरीलाई जति नै माया गरेपनि, मनमनै “गौरी मेरी धर्मपत्नी हुन, उनको गर्भको बालक मेरो औरस सन्तान हो” भने पनि बाहिरी समाजका सामुन्ने खुलेर ‘गौरी आफ्नी पत्नी हो’ सम्म पनि भन्न नसक्नुका नेपथ्यमा गोविन्दको वैयक्तिक इच्छाका विरुद्धमा ऊभित्रकै सामाजिक मान्यताले खबरदारी गरिरहेकाले नै हो । यसै सामाजिक मान्यताकै भयका कारण गोविन्द पनि गौरीबाट टाढिन बाध्य भएको छ । यसरी “विधवा गौरीसँग अनैतिक सम्बन्ध जोडेर पछि उसलाई स्वीकार्न गोविन्दलाई जुन सामाजिक बन्देजले रोक्यो यसको उल्लङ्घन गर्न नसक्ने सङ्कीर्णता र रूढि नै *प्रायश्चित्त*की गौरीको मृत्युको कारण हो (प्रधान कृष्ण, २०४०: पृ.२०५) ।”

बाहिरी दुनियाँको आँखा छलेर गोविन्दसँग सहवास गर्ने, गर्भधारण भइसकेपछि पनि त्यसलाई पेटमा राख्न हिम्मत गर्ने गौरी सामाजिक मान्यताको कठोर बाध्यता (अभौतिक समाज)का अगाडि निरीह भएकी छ । दुर्खिमले औँल्याएभैँ व्यक्ति अभौतिक सामाजिक वस्तुलाई मान्न वा नमान्न स्वतन्त्र छ, ऊ आफूबाहिरको समाजबाट उम्कन सक्ला तर आफैँभित्र रहेको सामाजिक मान्यताबाट भने उम्कन सक्तैन (गोर्डन, इ.२००४: पृ.१७६) । गाउँघरका सबैले शङ्काको दृष्टिले हेर्न थालेपछि बाहिरी समाजबाट एक्लिँदै गएकी गौरी आफैँभित्रको सामाजिक मान्यताबाट पनि एक्लिँदै गएकी छ ।

“म एक्लीको पाप होइन, आजै सानोबाबुसँग गएर कर्तव्यको टुङ्गो लगाउँछु” भनेर मनमा अठोट गर्ने गौरीको उक्त अभिव्यक्तिमा ‘आजै सानोबाबुसँग गएर कर्तव्यको टुङ्गो लगाउँछु’ भन्नुले बाह्य समाजसँग लड्ने हिम्मत देखाएको छ भने ‘म एक्लीको पाप होइन’ भन्ने अभिव्यक्तिमा आएको ‘एक्ली’ शब्दले क्रमश : हिन्दू धर्मअनुकूलको तत्कालीन पुरुषप्रधान समाजमा नारीको दयनीय स्थिति र ‘पाप’ शब्दले सामाजिक व्यभिचार र दुराचारको अर्थ दिएको छ । यसर्थ गौरी बाहिरी समाजबाट भन्दा आफूभित्रको समाजबाट भयभीत छ । गौरीले आफ्नै गर्भलाई पापको संज्ञा दिनु भनेको ऊभित्र रहेको अभौतिक समाजिक शक्ति बलियो हुनु हो, जसलाई स्वीकार्न गौरी बाध्य छ । यसर्थ गौरी आफ्नै प्रेमी गोविन्दले सहारा नदिएर टाढिएका कारण र आफ्नो परिवार तथा सामाजबाट एक्लिँदै र

टाढिँदै गएकी छ ।"कथामा सामाजिक शक्ति बलियो छ र कथामा केही पात्रहरू त्यसका प्रतीक भएर उभिन्छन् अनि सक्रिय हुन्छन् । सत्पात्र पनि विवश जस्तै बन्छन् र दुःखान्त्य मोड लिन्छ कथाले (त्रिपाठी, २०२८: पृ.४८) ।" गौरीको आत्महत्या सामाजिक मान्यताको कठोरता र एक्लोपनका कारणले भएको हो भन्ने कुराको पुष्टि'प्रायश्चित्त' कथाको तलको अंशले पनि गर्दछ :

> गौरीलाई देखेर टोलका आइमाईहरू कानेखुसी गर्न लागे । गौरीको चिन्ताको पारावार थिएन । निकट भविष्यमा परिआउने एउटा भयङ्कर विपत्ति आँखाका साम्ने नाचिरहेको थियो । यो व्यग्र वेदनाका उपर सान्त्वना दिने व्यक्ति यो बेइमान संसारमा कोही थिएन । भागूँ भने भाग्ने ठाउँ छैन । चारैतर्फ निर्दयी समाजको कडा पहरा छ (पृ.१७) ।

दुर्खिमको आत्महत्याको अवधारणामा उल्लेख भएझैं यहाँ गौरी भौतिक र अभौतिक दुवै सामाजिक शक्तिको कडा पहरामा कैद छ । यसरी टोलका आइमाईहरूको निगरानीमा परेर एक्लिँदै गएकी गौरीले देखेको 'निर्दयी समाजको कडा पहरा' अभौतिक सामाजिक वस्तु हो । यसले भौतिक समाजलाई प्रभाव पारेकै कारण गौरी समाजबाट एक्लिएकी हो । गौरीको एकमात्र अन्तिम आधार गोविन्दले पनि "गौरीलाई सिन्दुर हालेर पत्नी बनाउने हिम्मत गर्न सकेको छैन । ऊ समाजदेखि डराउछ (पराजुली. २०५६: पृ.४०) ।" यसरी गोविन्द र गौरीका इच्छाका विरुद्धमा चतुर पहरेदारको रूपमा रहेको पुरुषप्रधान समाजको आँखाबाट छलिन गोविन्द त समर्थ हुन्छ तर गौरी समर्थ नभएकै कारण जीवनबाट निराश भएर "गोविन्दको बैंस वसन्तसँग रमेकी बालविधवा गौरी सामाजिक मर्यादाका लागि रानीपोखरीमा डुबेर प्रायश्चित्त गर्दछे (चापागाइँ, २०३८: पृ.२१) ।" यसरी जीवनप्रति मैनालीको दृष्टिकोण निराशावादी छ (श्रेष्ठ,२०३८: पृ.१७४) ।

## निष्कर्ष

दुर्खिमको मान्यताअनुसार *प्रायश्चित्त* कथाको विश्लेषण गर्दा यो कथाको समाज यान्त्रिक एकता भएको परम्परागत प्रकारको छ । यस कथाकी पात्र गौरीको आत्महत्या सामाजिक कारणले भएको छ । उसको आत्महत्याका कारक धार्मिक, सामजिक मान्यताको कठोरता तथा समाजका आदर्श/नैतिकताले गरेको अत्यधिक दमन हुन् । यिनकै कारणले गर्दा गौरी परिवार तथा समाजबाट एक्लिएकी छ र गोविन्दले पनि उसलाई ग्रहण गर्न सकेको छैन । आत्महत्याका उक्त कारक गौरीको इच्छा, चेतनाभन्दा पृथक् रहेका गौरीबाहिरका सामाजिक शक्ति हुन् । यिनले गौरीभित्रै तथा गौरीभन्दा बाहिर रहेर उसलाई नियमन र नियन्त्रण गरिरहेका छन् । समाजसँगको द्वन्द्वमा गौरी हारेकी छ । गौरीले पेट बोकेको सामाजिक तरङ्गले उसका दाजु-भाउजू, टोलका आइमाई मात्र होइन उसकी मृत आमाको आदेशका रूपमा समेत आएर उसलाई आत्महत्याका लागि प्रेरित गरेका छन् । फलस्वरूप उसले रानीपोखरीमा फालहानेर आत्महत्या गरेकी छ ।

प्रस्तुत कथामा मूल्य-मान्यताको महाजालभित्र जेलिएर रहेको परम्परागत समाज छ । यस समाजका मान्छेहरू वैयक्तिक इच्छा वा चाहनाभन्दा सामूहिक इच्छा वा चाहनाबाट सञ्चालित छन् । धर्म, नैतिकता, सामाजिक मूल्य-मान्यता, आदर्श आदिको सामाजिक व्यवस्थाको शक्तिशाली अधिनायकत्वलााई गौरीले आफ्नै स्वीकरणको सामाजिक मित्र ठानेकी छ । आफ्नै स्वीकरणको उक्त सामाजिक मित्रशक्तिका विरुद्धमा हिँड्नुभन्दा मृत्युको बाटो रोज्नु उसको बाध्यता रहेको यस कथाको विश्लेषणबाट स्पष्ट भएको छ । यसर्थ गोविन्दबाट टाढा राखी घर-परिवार, समाजबाट एकल्याउँदै गौरीलाई आत्महत्यातर्फ प्रवृत्त गराउने कारक तत्त्व हिन्दू धर्मसंस्कृति मान्ने त्तकालीन समाजनै रहेको प्रस्ट भएको छ । व्यक्तिले गर्ने आत्महत्याका नेपथ्यमा सामाजिक कारण नै रहेको हुन्छ भन्ने दुर्खिमले भनेझैं 'आज समाजका वेदीमा एउटी अनाथिनी विधवाको जीवन-लीला यसरी समाप्त भयो' भनेर कथामा पनि आत्महत्याको कारक तत्त्वको रूपमा समाजलाई नै लिइएको छ ।

## सन्दर्भ सामग्रीसूची


कँडेल, घनश्याम. (२०३०). *मैनाली युगसन्धिका कथाकार. रूपरेखा.* पूर्णाङ्क १५२. पृ. १८-२२ ।

कोजर, ए. लुइस. (सन् १९९६). *मास्टर्स अफ सोसियोलजिकल थट* (दोस्रो संस्क). न्यू दिल्ली : रावत पब्लिकेसन ।

खतिवडा, विश्वराज. (२०६९). *गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता.* अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय ।

गोर्डन, मार्सल. (सन् २००४). *अ डिक्सनरी अफ सोसियोलजी.* न्यु दिल्ली : अक्फोर्ड युनिभर्सिटी प्रेस ।

घिमिरे, मुकुन्द. (२०५८). *नासो कथासंग्रहको समाजशास्त्रीय अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय ।

चापागाईं.,नरेन्द्र. (२०३८). *केही कृति केही प्रतिकृति.* काठमाडौं. साझा प्रकाशन ।

जैन,चन्दाकुमारी. (२०५६). *मैनालीको नासो एक अध्ययन तथा विश्लेषण.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. हिन्दी केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय ।

त्रिपाठी, वासुदेव. (२०२८). *विचरण.* काठमाडौं. भानुप्रकाशन ।

दास, प्रभाकरलाल, तन्डुकार, ज्योति र अर्याल, अर्जुन. (२०६१). *विश्वका प्रमुख मानवशास्त्रीहरू एक परिचय.* काठमाडौं. रेखारानी प्रकाशन ।

दुर्खिम इमाइल. (सन् १८९७/१९५१). *सुसाइड.* न्यु योर्क. द फ्रि प्रेस ।

दुवे, सरला. (सन् १९६७). *सामाजिक विघटन तथा सुधार.* मसुरी. सरस्वती सदन ।

देवकोटा, पद्मलाल र ओझा, नेत्रकुमार. (२०६६) *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू.* काठमाडौँ. एकेडेमिक बुक सेन्टर।

दोषी, शम्भुलाल, जैन, प्रकाशचन्द्र. (सन् २०१७) *इमाइल दुर्खिम समाजशास्त्रीय अध्ययन.* रावत पब्लिकेसन्स ।

न्यौपाने, दैवज्ञराज. (२०२८). *कथाकार मैनाली र उनका प्रवृत्तिहरू.* द्यौराली. वर्ष ८. अङ्क ९. पृ. ६२–७० ।

पराजुली, रञ्जुश्री. (२०५६). *कृतिविवेचना.* काठमाडौँ. सुनकोसी साहित्य प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०४०). *सिर्जनाको सेरोफेरो.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, प्रतापचन्द्र. (२०४०). *नेपाली कथावलोकन.* दिपा प्रकाशन ।

फ्लिचर, रोनाल्ड. (सन् १९९४). *द मेकिङ अफ सोसियोलजी अ स्टडी अफ सोसियोलजिकल थ्योरी* (भाग २). न्यू दिल्ली. रावत पब्लिकेसन ।

बराल, ईश्वर. (सम्पा. २०३३ दो. पटक). *झ्यालबाट.* पुल्चोक. साझा प्रकाशन ।

भट्टराई, घटराज. (२०४०). *प्रतिभै प्रतिभा र नेपाली साहित्य.* काठमाडौँ. एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. ।

मुकर्जी, रविन्द्रनाथ. (सन् २०२०). *सामाजिक विचारधारा.* दिल्ली. विवेक प्रकाशन ।

मैनाली, गुरुप्रसाद. (२०६२ सत्रौं पटक). *नासो.* (सम्पा. ताना शर्मा) काठमाडौं. माधवप्रसाद मैनाली ।

राव, सी.एन.शङ्कर.(सन् २००८). *प्रिन्सिपल्स अफ सोसियोलजी विथ एन इन्ट्रोडक्सन टु सोसल थट.* (छैटौं संस्क.). न्यु दिल्ली. एस.चन्द एन्ड कं.लिमिटेड ।

रित्जर, जर्ज. (सन् २०००). *सोसियोलजिकल थ्योरी.* न्यु योर्क. म्याक ग्रेल हिल इन्क ।

श्रेष्ठ, दयाराम. *नेपाली कथा र यथार्थवाद.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय ।

सत्याल, शिवप्रसाद 'पीठ'. (२०४५). *समालोचनाहरू.* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

सेवा, चन्द्रबहादुर. (२०३२). *सामाजिक कथाकार गुरुप्रसाद मैनाली.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली शिक्षण समिति ।